जिल्ला प्रशासन कार्यालय तनहुँद्वारा प्रकाशित

# ई-बुलेटिन e-Bulletin





फोन नं. ०६५-५६५२७४

**Website: daotanahu.moha.gov.np**

**Email: tanahundao@gmail.com / tanahudao@gmail.com**

**Facebook Page: District Administration Office, Tanahu**

**जिल्ला प्रशासन कार्यालय, तनहुँद्वारा प्रकाशित**

## ई-बुलेटिन

**संरक्षक**
सागर आचार्य
प्रमुख जिल्ला अधिकारी

**सम्पादन**
चित्राङ्गत बराल
सहायक प्रमुख जिल्ला अधिकारी

**संयोजक**
राममणी मिश्र
प्रशासकीय अधिकृत

**विवरण संकलन**
पदमबहादुर थापा
लेखापाल

मनोज रेग्मी
ना.सु.

गणेश अधिकारी
क.अ.

**फोन नं. ०६५-५६५२७४**

**Website:**
*daotanahu.moha.gov.np*
**Email:**
*tanahundao@gmail.com*
*tanahudao@gmail.com*
**Facebook Page:**
*District Administration Office, Tanahun*

# जिल्ला प्रशासन कार्यालय, तनहुँ

नेपालको गण्डकी प्रदेशको दक्षिण पूर्वमा अवस्थित तनहुँ जिल्ला मूलतः महाभारत श्रृङ्खला र मध्य पहाडी भू-भागमा पर्ने विकासोन्मुख जिल्ला हो । यो काठमाण्डौंबाट ११० कि.मी. पश्चिम र पोखराबाट ११ कि.मी. पूर्वमा अवस्थित छ । मानचित्रमा यो जिल्ला ८३० ७५" देखि ८४० डिग्री ३४" पूर्वी देशान्तर, २७० ३" देखि २८० ०५" उत्तरी अक्षांशसम्म फैलिएको छ। यसको क्षेत्रफल १५४६ वर्ग कि.मी. अथवा कुल नेपालको भू-भागको १.०५ प्रतिशत रहेको छ। गण्डकी नदीको जलप्रवाह क्षेत्रसंग आवद्ध यस जिल्लामा सीमा नदीको रुपमा पूर्वी दिशामा मस्र्याङ्गदी र त्रिशुली नदी तथा दक्षिणमा कालीगण्डकी बहन्छ भने जिल्लाको मध्य भागबाट मादी र सेती नदी प्रवाहित हुन्छ। यस जिल्लाको अधिकतम उचाई भएका पहाडहरुमा छिम्केश्वरी २३२५ मि., कोटाधाम १६३० मि., राईपुरकोट १५४१ मि., मिरलुङ्गकोट १४८४ र चोक १४२९ मिटर आदि हुन् भने सबैभन्दा होचा वस्तीहरुमा देवघाट २०० मिटर, कोटा २१० मिटर दमौली ३२० मिटर आदि हुन्। यस प्रकार तनहुँको अधिकांश भूभाग ३०० मिटर-१२०० मिटर बीचको होचो पहाडी भू-भागमा पर्दछ । यस जिल्लाको पूर्वमा चितवन र गोर्खा, पश्चिममा स्याङ्गजा, उत्तरमा कास्की र लम्जुङ्ग तथा दक्षिणमा पाल्पा, नवलपरासी बर्दघाट सुस्ता पूर्व र चितवन जिल्लाहरु रहेका छन्।

जिल्लामा शान्ति, सुरक्षा र सुव्यबस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । यस कार्यालयका काम, कर्तब्य र अधिकारहरुलाई मूलत: स्थानीय प्रशासन ऐन, २०२८ ले व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहबाट जिल्लास्तरमा संचालन हुने विकासका कार्यमा समन्वय र सहजीकरण गर्ने, स्थानीय र प्रदेश सरकारका कानुन कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने, विपद् व्यवस्थापन, आपूर्ति व्यवस्थापन एवम् वस्तु तथा सेवाको गुणस्तरीयताको सुनिश्चितता प्रदान गर्ने, स्वच्छ बजार प्रबर्द्धनका लागि बजार अनुगमन गर्ने र उपभोक्ताको हित संरक्षणमा सरोकारवाला निकायहरु बीच उचित समन्वय गर्ने, सेवा प्रवाहको अनुगमन गर्ने, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ।

यस कार्यालयले जिल्लालाई शान्त, सुरक्षित र समुन्नत बनाउने दुरदृष्टि (vision) का साथ विधिको शासन अवलम्बन गरी शान्ति सुरक्षाको अवस्थालाई सुदृढ बनाउँदै प्रभावकारी सेवा प्रवाहको माध्यमद्वारा सुशासनको प्रत्याभूति गर्ने लक्ष्यहरु लिएर काम गरिरहेको छ । यी लक्ष्यहरु प्राप्तिका लागि यस कार्यालयले सुरक्षा निकायहरुको समन्वयात्मक परिचालनद्वारा जिल्लामा शान्ति सुरक्षाको स्थितिलाई सुदृढ बनाउने, जिल्लामा विधिको शासन सुनिश्चित गर्ने, विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने, आपूर्ति व्यवस्थापनलाई चुस्त बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, मानव अधिकारको संरक्षण गर्ने र पारदर्शिता एवं जवाफदेहिता सुनिश्चित गर्ने उद्देश्य लिएको छ।

प्रमुख जिल्ला अधिकारी

## जिल्ला प्रशासन कार्यालय तनहुँबाट सम्पादन हुने कार्यहरु

क) जिल्लामा शान्ति, सुरक्षा र सुव्यबस्था कायम गर्ने।
ख) जिल्लामा संचालित विकासका कार्यहरुमा सहयोग र समन्वय गर्ने।
ग) जिल्लामा रहेका नेपाल सरकारका सम्पत्तिहरुको संरक्षण गर्ने।
घ) जिल्लामा आइपर्ने विपद्हरुको ब्यबस्थापन गर्ने।
ङ) जिल्लामा वस्तुहरुको आपूर्तिलाई ब्यबस्थित गर्ने।
च) जिल्लास्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने।
छ) प्रचलित कानूनद्वारा तोकिएका विषयहरुमा न्याय निरुपण गर्ने।
ज) नागरिकताको प्रमाणपत्र वितरण गर्ने।
झ) हातहतियारको इजाजत प्रदान तथा नवीकरण गर्ने।
ञ) राहदानी सम्वन्धी कार्य गर्ने।
ट) संस्था दर्ता तथा नवीकरण गर्ने।
ठ) प्रचलित कानून र नेपाल सरकारको निर्देशन बमोजिम अन्य विविध कार्यहरु गर्ने।

## कर्मचारी विवरण

| सि.नं. | पद | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | |
| ३ | प्रशासकीय अधिकृत | २ | |
| ४ | नायब सुब्बा | ७ | |
| ५ | कम्प्युटर अपरेटर | २ | २ करार सेवा |
| ६ | लेखापाल | १ | |
| ७ | खरिदार | ५ | |
| ८ | हलुका सवारी चालक | २ | १ करार सेवा |
| ९ | कार्यालय सहायोगी | ७ | ६ करार |
| १० | विवरण दर्ता अप्रेटर | २ | राष्ट्रिय परिचय पत्र विवरण तर्फ करार सेवा |
| जम्मा | | ३० | |

## जिल्ला प्रशासन कार्यालय, तनहुँबाट प्रदान गरिने सेवा

क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्वन्धी सेवा:

- नाम थर वा उमेर आदि प्रमाणित
- नावालकको उमेर प्रमाणित
- पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस
- दलित, आदिवासी जनजाति प्रमाणित
- पत्रपत्रिका दर्ता
- छापाखाना दर्ता
- पारिवारिक विवरण प्रमाणित
- नाता प्रमाणित
- शरणार्थी सम्वन्धी कार्य
- विविध कार्य

# सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु.१० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु.२० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु.१० को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | नावालक-२५००।-<br>साधारण-५०००।- | प्रक्रिया पुगेकै दिन | |
| ५ | द्रुत सेवा अभिलेख प्रमाणित | | प्रक्रिया पुगेकै दिन | |
| ६ | राहदानी वितरण | | प्राप्त भएपछि | |
| ७ | गुनासो वा ठाडो उजुरी | रु.१० को टिकट | यथाशीघ्र | |
| ८ | नामथर, उमेर आदि प्रमाणित | रु.१० को टिकट | प्रक्रिया पुगेपछि सोही दिन | |
| ९ | नावालकको उमेर प्रमाणित | रु.१० को टिकट | प्रक्रिया पुगेपछि सोही दिन | |
| १० | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्वन्धी सिफारिस | रु.१० को टिकट | प्रक्रिया पुगेपछि सोही दिन | |
| ११ | संस्था दर्ता | रु.१०००।- | सवै प्रक्रिया पुगे पश्चात सोही दिन | |
| १२ | संस्था नवीकरण | रु.५००।- | सोही दिन | |
| १३ | संस्थाको विधान संशोधन | रु.१० को टिकट | सोही दिन | |
| १४ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु.१० को टिकट | सोही दिन | |
| १५ | दलित, मधेशी, आदिवासि सिफारिस | रु.१० को टिकट | सोही दिन | |
| १६ | पत्रपत्रिका दर्ता | दैनिक - रु.१०००।-<br>साप्ताहिक - रु.५००।-<br>पाक्षिक - रु.३००।-<br>मासिक - रु.२००।- | सवै प्रक्रिया पूरा भए पश्चात सोही दिन | |
| १७ | छापाखाना दर्ता | रु.१०००।- | सवै प्रक्रिया पूरा भए पश्चात सोही दिन | |
| १८ | हातहतियार नामसारी | रु.१०००।- | प्रक्रिया पुगे पश्चात सोही दिन | |
| १९ | हा.ह. जिल्ला भित्रको नवीकरण | रु.१५०।- | प्रक्रिया पुगे पश्चात सोही दिन | |
| २० | हा.ह. नेपाल भरिको नवीकरण | रु.३००।- | सोही दिन | |
| २१ | नामथर जन्म मिति संशोधन | रु.१० को टिकट | प्रक्रिया पुगे पश्चात सोही दिन | |
| २२ | नाता प्रमाणित | रु.१० को टिकट | सोही दिन | |
| २३ | क्षतिपूर्ति एवं राहत वितरण | | सवै कागजात भए पश्चात यथासिघ्र | |
| २४ | सार्वजनिक शान्ति विरुद्धको कसूर सम्वन्धी मुद्दा | रु.१० को टिकट | कानून बमोजिम | |
| २५ | अख्तियार दुरुपयोग सम्वन्धी मुद्दा | रु.१० को टिकट | आयोगबाट प्राप्त समयसीमा भित्र | |

प्रमुख जिल्ला अधिकारी

## सम्पादित कामको विवरण

| क्र.स. | सम्पादित प्रमुख कार्यहरू | | चालु आ.व.को असार मसान्त सम्मको उपलब्धी |
|---|---|---|---|
| १ | नागरिकताको विवरण | (क) बंशज | ८२८९ |
| | | (ख) बैबाहिक अंगिकृत | ८ |
| | | (ग) प्रतिलिपी | ४८६५ |
| २ | नागरिकता परित्याग | | २ |
| ३ | नागरिकता रद्ध | | ० |
| ४ | नाबालक परिचय पत्र | | १८६ |
| ५ | राहदानी | (क) जिल्लाबाट सिफारिस | ४४०९ |
| | | (ख) द्रुत सेवा सिफारिस | ८८९ |
| | | (ग) राहदानी वितरण | ३११२ |
| ६ | विपद व्यवस्थापन सम्बन्धी | (क) विपदबाट पिडित | ६५ |
| | | (ख) विपद् पिडितलाई आर्थिक सहायता रकम / सामाग्री | २८८९०२८ |
| ७ | मुद्धा | (क) दर्ता | ६० |
| | | (ख) फर्छ्यौट | ९७ |
| ८ | प्रमाणित / सिफारिस | (क) आदिवासी/जनजाती प्रमाणित | १४१४ |
| | | (ख) दलित प्रमाणित | १५२ |
| | | (ग) पेन्सन सिफारिस | १२२९ |
| | | (घ) अन्य | २९८२ |
| ९ | संस्था | (क) नयाँ दर्ता | ३६ |
| | | (ख) नविकरण | ६२० |
| १० | हातहतियार | (क) नविकरण | १७७ |
| | | (ख) नामसारी | ३ |
| ११ | तिब्बतीयन शरणार्थी परिचय पत्र नविकरण | | २४० |
| १२ | शरणार्थीका लागि यात्रा अनुमति पत्र सिफारिस | | १ |
| १३ | पत्रपत्रिका दर्ता / नविकरण | | २ |
| १४ | छापाखाना दर्ता / नविकरण | | ० |
| १५ | बैठक | (क) कार्यालय प्रमुख | ११ |
| | | (ख) जिल्ला सुरक्षा समिति | ६३ |
| | | (ग) सूचना अधिकरी | ५ |
| | | (घ) जिल्ला संकट व्यवस्थापन केन्द्र | १७ |
| १६ | गुनासो र फर्छ्यौट | (क) कार्यालयमा निवेदन मार्फत | १६२ |
| | | (ख) हेल्लो सरकार मार्फत | ५ |
| १७ | ठाडो फैसला | | ५ |
| १८ | बजार अनुगमन | | ३५ |
| १९ | घुम्ती शिविर | | - |
| २० | राष्ट्रिय परिचयपत्र विवरण संकलन | | ९१०८ |

**जिल्ला प्रशासन कार्यालय, तनहुँमा दर्ता रहेका पत्रपत्रिका तथा छापाखानाको विवरण**

पत्रपत्रिका – ४५ वटा

*(दैनिक ११ वटा, सामाहिक २५ वटा, पाक्षिक ५ वटा र मासिक ४ वटा)*

छापाखानाको संख्या – १८ वटा

## तनहुँ जिल्ला प्रशासन कार्यालयबाट तयार गरिएका वार्षिक कार्ययोजना तथा रणनीतिहरु

- जिल्ला प्रशासन कार्यालय, तनहुँको वार्षिक कार्ययोजना – २०७७
- एकिकृत जिल्ला सुरक्षा योजना, २०७७
- जिल्ला विपद् प्रतिकार्य योजना, २०७७
- लागू औषध नियन्त्रण सम्बन्धी कार्ययोजना, २०७७
- चाडपर्व सुरक्षा योजना, २०७७
- मनसुन प्रतिकार्य योजना, २०७७
- शितलहर प्रतिकार्य योजना, २०७७
- कारागारमा रहेका बन्दीहरुको अपराध विश्लेशण प्रतिवेदन, २०७७

## राजस्व सम्बन्धी विवरण

**यस आ.व.२०७७/७८ श्रावण देखि हालसम्मको यस कार्यालयले संकलन गर्ने राजस्व सम्वन्धी विवरण निम्नानुसार रहेको छ**

| सि.नं. | राजस्व शीर्षक | जम्मा रकम | कैफियत |
|---|---|---|---|
| १ | राहदानी शुल्क | २२८२५५०० | |
| २ | अन्य प्रशासनिक सेवा शुल्क | १०७३० | |
| ३ | कम्पनी/संस्था रजिष्ट्रेशन, नविकरण शुल्क | १०६४५७० | |
| ४ | हातहतियारको इजाजतपत्र दस्तुर | ११९०५० | |
| ५ | न्यायिक दण्ड, जरिवाना र जफत | २४२८६१४ | |
| ६ | वेरुजु | ०।०० | |
| | **जम्मा रकम** | २६४४८४६४ | |

## निर्माणाधिन राष्ट्रिय आयोजना तथा अन्य विकास निर्माणमा सहजिकरण

कोरोना भाइरस को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी भएका लकडाउनको आदेश पश्चात रोकिएका विकास निर्माणका कामहरु जिल्लामा संक्रमण कम भएपश्चात क्रमश: संचालनमा ल्याईएको छ। जिल्ला भित्रका राष्ट्रिय आयोजना तथा प्राथमिकता प्राप्त योजना/आयोजना र अन्य निर्माण कार्यहरुलाई क्रमश: अगाडि बढाउन सहजिकरण गरिएको छ। यस्ता निर्माण कार्य सञ्चालन गर्दा नेपाल सरकारबाट तोकिए बमोजिमका स्वास्थ्य सुरक्षाका उपायहरु अबलम्बन गर्ने, निर्माण स्थलमा अनिवार्य रुपमा खाने, वस्ने तथा पिउने पानी तथा दिवा खाजा र शौचालय तथा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि अबलम्बन गर्नु पर्ने भनि तोकिएका अन्य पूर्व सावधानीका उपायहरु समेतको व्यवस्था सम्बन्धित निर्माण व्यवसायी वा आयोजनाले मिलाउने गरी सञ्चालन गर्न आवश्यक सहजीकरण भईरहेको छ।



प्रमुख जिल्ला अधिकारी

## ○ बजार अनुगमन

तनहुँ जिल्लामा अत्यावश्यक वस्तुहरु खाद्यान्न, माछा-मासु, औषधि लगायत अन्य दैनिक उपभोग्य वस्तुहरु तथा सेवाहरुको उपलब्धता, मौज्दात र विक्रि वितरण लगायत अन्य अवस्थाको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जिल्ला प्रहरी कार्यालय, पत्रकार समेतको प्रतिनिधिहरुको सहभागितामा नियमित बजार अनुगमन गर्ने गरिएको छ । अनुगमनको क्रममा त्यस्ता वस्तुहरु तथा सेवाहरुको उपलब्धता, विक्रि वितरण जस्ता पक्षहरुमा देखिएका कमि कमजोरीहरुलाई तत्काल सुधार गर्नको लागि आवश्यक सल्लाह, सुझाव र निर्देशन दिई कोभिड-१९ संक्रमणको यस्तो विषम परिस्थितिमा एकाधिकार, कालोबजारी तथा मिलेमतो जस्ता गैरकानूनी कामकारबाहीलाई जिल्लाभित्र निषेध गर्नका लागि विभिन्न समयमा यस कार्यालयबाट आदेश तथा सूचनाहरु समेत जारी भएका छन् । बजार तथा बजारसँग सम्बन्धित अन्य विषयहरुको सम्बन्धमा यस कार्यालयमा प्राप्त हुने उजुरी एवं गुनासोहरुलाई प्राथमिकताका साथ फर्स्यौट गरी उपभोक्ता सन्तुष्टि कायम गर्नेतर्फ यस कार्यालय अग्रसर रहिआएको छ । यस जिल्लामा सीमित कार्मचारीका बाबजुद बजार अनुगमन २०७७ श्रावण देखि हालसम्म १७ पटक भएको छ ।





## ○ क्रसर उद्योगहरुको अनुमगन तथा स्थलगत निरीक्षण

नदिजन्य तथा खानीजन्य पदार्थको जिल्ला अनुगमन समिति, तनहुँका संयोजक जिल्ला समन्वय प्रमुख श्री शान्तीरमण वाग्ले तथा समिति सदस्य प्रमुख जिला अधिकारी श्री सागर आचार्य सहितको टोलीले जिल्लामा संचालित क्रसर उद्योगहरुको स्थलगत निरीक्षण गरी गैरकानूनी तवरले संचालित १० वटा क्रसर उद्योग बन्द गराएको । साथै संचालित ९ वटा उद्योगहरुमा रहेको नदिजन्य तथा खानीजन्य पदार्थको मौज्दात र विक्रिवितरण सम्बन्धी विवरण संकलन गर्नुका साथै विभिन्न कार्यदल बनाइ नियमित स्थलगत अध्ययन अनुगमन तथा प्रतिवेदन दिने कार्य भइरहेको छ ।

| क्र.सं. | संचालित क्रसर उद्योगहरु |
|---|---|
| १ | यसो शान्ति कंक्रिट स्टोन प्रा.लि. शुक्लागण्की २, तनहुँ |
| २ | हारति एग्रिगेट एण्ड क्रसर उद्योग शुक्लागण्की २, तनहुँ |
| ३ | खनाल एग्रिगेट एण्ड क्रसर उद्योग शुक्लागण्की २, तनहुँ |
| ४ | क्वालिटी ग्रिड एण्ड क्रसर प्रा.लि. शुक्लागण्की २, तनहुँ |
| ५ | महालक्ष्मी एग्रिगेट इण्डष्ट्रिज शुक्लागण्की २, तनहुँ |
| ६ | थापा एग्रिगेट उद्यो, शुक्लागण्की ७, तनहुँ |
| ७ | शिवशक्ति ढुंगा रोडा बालुवा क्रसर उद्योग प्रा.लि., शुक्लागण्की ७, |
| ८ | एस.जि. रोडा, ढुंगा उद्योग आबुँखैरेनी ६, तनहुँ |
| ९ | छिम्केश्वरी रोडा, ढुंगा उद्योग आबुँखैरेनी ६, तनहुँ |
| क्र.सं. | बन्द भएका क्रसर उद्योगहरु |





प्रमुख जिल्ला अधिकारी

| | |
|---|---|
| १ | नमुना ग्रिड एण्ड क्रसर प्रा.लि., वन्दीपुर ६, तनहुँ |
| २ | ए सिक्स एग्रीगेट एण्ड क्रसर प्रा.लि., शुक्लागण्डकी ७,तनहुँ |
| ३ | एस एन एल एग्रीगेट क्रसर प्रा.लि., शुक्लागण्डकी २,तनहुँ |
| ४ | मेलमिलाप ढुंगा,बालुवा,गिट्टी उद्योग प्रा.लि., शुक्लागण्डकी७,तनहुँ |
| ५ | प्रोपर कन्सट्रक्सन एण्ड क्रसर ई.प्रा.लि., शुक्लागण्डकी ५,तनहुँ |
| ६ | अकला रुद्रदेवी गिट्टी बालुवा उद्योग,म्याग्दे २, तनहुँ |
| ७ | सिद्धेश्वर एग्रीगेट एण्ड कंक्रिट ब्लक उद्योग, शुक्लागण्डकी २,तनहुँ |
| ८ | जय महालक्ष्मी एग्रीगेट ईण्डष्ट्रिज प्रा.लि., शुक्लागण्डकी २,तनहुँ |
| ९ | सेती दोभान ब्लक एण्ड एग्रीगेट उद्योग, म्याग्दे २, तनहुँ |
| १० | श्री ढोरबाराही एग्रीगेट ईण्डष्ट्रिज, म्याग्दे २, तनहुँ |

## इलाका प्रहरी कार्यालयहरु/चौकीहरुको निरिक्षण




यस आ.ब. सुरु भए पश्चात हाल सम्म प्रमुख जिल्ला अधिकारी श्री सागर आचार्यद्वारा तनहुँ जिल्लाका सबै इलाका प्रहरी कार्यालयहरु र अधिकांश प्रहरी चौकीहरु निरिक्षण गरी जिल्लामा शान्ती सुरक्षा कायम राख्न सुरक्षाकर्मीलाई सधै सजग र कृयाशिल भै तयार रहन निर्देशन दिनुभएको छ।

## ○ कारागार कार्यालय तनहुँको निरिक्षण



यस आ.ब. सुरु भए पश्चात हाल सम्म जिल्ला सुरक्षा समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी श्री सागर आचार्यको संयोजकत्वमा कारागार कार्यालय तनहुँको ४ पटक निरिक्षण भयो। कारागार कार्यालय तनहुँको कैदी बन्दी क्षमता दुइ भवनहरुमा गरी कुल ११५ रहेकोमा पुष मसान्त सम्म २७१ जना कैदी बन्दी रहेका। कारागारको सरसफाईमा सदैब ध्यान दिन, सुरक्षा मुल मन्त्रको रुपमा लिन र महामारीको रुपमा फैलिएको कोभिड १९ को संक्रमणहुन नदिन, स्वास्थ्य मापदण्डको पालना गराउन र सुरक्षा सतर्कता अपनाउन प्र.जि.अ.ले सदैब निर्देशन दिई आउनु भएको छ।

## ○ गृह सचिवज्यूद्वारा निरीक्षण निर्देशन



मिति २०७७।०७।२२ गते गृह सचिव श्रीमान् महेश्वर न्यौपानेज्यूको प्रमुख आतिथ्यतामा तनहुँ र लमजुङ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु तथा सुरक्षा निकायहरुका प्रमुखहरुको सहभागितामा जिल्ला प्रशासन तनहुँको निरिक्षण तथा निर्देशन भयो। श्रीमान् गृह सचिवज्यूबाट कोभिड -१९ को संक्रमण रोकथाम तथा नियन्त्रण, शान्ती सुरक्षा तथा सुव्यवस्था,अपराध नियन्त्रण, प्रदेश तथा स्थानीय तहसँग समन्वय, सार्वजनिक सम्पत्तिको संरक्षण, अतिक्रमण नियन्त्रण, सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रण, विप्लव समूहको गतिविधि नियन्त्रण, विपद् व्यवस्थापन,सेवा प्रवाहको अभिलेख व्यवस्थापन, विकास निर्माणमा सहयोग, समन्वय तथा सहजिकरण, अनुगमन मुल्याङ्कन, लागू औषध नियन्त्रण, राजमार्ग सुरक्षा, सामाजिक रुढिवादी अन्धविश्वास, कुरीति तथा कुप्रथा र अन्य विकृति नियन्त्रण लगायतका अन्य महत्वपूर्ण विषयमा निर्देशन दिनु भयो।

## अन्तर जिल्ला समन्वय बैठक

मिति २०७७।०६।१० गते मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, गण्डकी प्रदेशका प्रमुख सचिव श्री विष्णुप्रसाद नेपालज्यूको प्रमुख आतिथ्यता र आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेशका सचिव श्री केदारनाथ शर्माज्यूको विषेश आतिथ्यतामा गोरखा, लमजुङ र तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु तथा सुरक्षा निकायहरुका प्रमुखहरुको सहभागितामा जिल्ला प्रशासन कार्यालय तनहुँमा अन्तर जिल्ला समन्वय वैठक सम्पन्न भयो । बैठकमा प्रभावकारी विपद् व्यवस्थापन, अपराध नियन्त्रणमा समन्वय र सहकार्य, राजमार्ग सुरक्षा तथा सवारी आवगमन व्यवस्थापन सम्बन्धी कार्यमा सहकार्य गर्ने निर्णय भएको र सोही अनुरुप निर्णय कार्यान्वयन भईरहेको छ ।





## राष्ट्रिय परिचय पत्रको विवरण संकलन कार्य

जिल्ला प्रशासन कार्यालय तनहुँमा २०७६ श्रावण ६ गतेबाट राष्ट्रिय परिचय पत्रको लागि २ वटा स्टेशन स्थापना गरी विवरण संकलन गर्ने कार्य भैरहेको छ । हालसम्म ४४०४ महिला तथा ५५८४ पुरुषको गरी कुल ९९८८ जनाको परिचय पत्रको लागि व्यक्तिगत तथा जैविक विवरण संकलन गर्ने कार्य सम्पन्न भएको छ । यस कार्यको निरन्तरता रही आएको छ।





## नागरिकताको विवरण अद्यावधिक

जिल्ला प्रशासन कार्यालय तनहुँले जारी गरेका हस्तलिखित नागरिकताहरुको विवरण कम्प्युटरमा अद्यावधिक गरिदै आएको छ ।



## जिल्ला संकट व्यवस्थापन केन्द्र


कोभिड-१९ (कोरोना भाइरस) को संक्रमण रोकथाम तथा नियन्त्रण एवं संक्रमितहरुको औषधी उपचार लगायतका कार्यहरु छिटो, छरितो रुपले व्यवस्थापन गरी यस सम्बन्धी कार्यलाई प्रभावकारी, मितव्ययी र नतिजामूलक बनाउने उद्देश्यले गृह मन्त्रालयमार्फत प्राप्त केन्द्रगत CCMC का निर्देशन, संरचना र कार्यक्षेत्र भित्र रही कार्य गर्ने जिल्ला कोभिड व्यवस्थापन समितिको गठन भई सञ्चालनमा आएको छ। सो केन्द्रबाट प्राप्त कार्यदिशा र निर्देशनहरु यथाशिघ्र कार्यान्वयन गर्दै दैनिक रुपमा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण एवं संक्रमितहरुको औषधी उपचार लगायतका कार्यसम्बद्ध रणनीति निर्माण गर्ने एवं कार्यसञ्चालनका लागि बैठक बसी केन्द्रमा नियमित प्रतिवेदन गर्ने व्यवस्था मिलाइएको छ। यस आ.ब.को श्रावण देखि हालसम्म १७ वटा बैठकहरु सम्पन्न गरी महत्वपूर्ण निर्णयहरु कार्यान्वयन भएका छन्।

कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि समय समयमा सूचनाहरु जारी गरिएको तथा जिल्लावासीहरु आफू सुरक्षित रहदै जारी आदेश तथा अनुरोधको पूर्ण पालना गरी सहयोग गर्नुभएकोमा सम्पूर्ण जिल्लावासीहरुमा हार्दिक धन्यवाद दिन चाहान्छौं। साथै कोरोना भाईरस रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरु र सो अन्तर्गतका निकाय तथा कार्यालयहरु, सार्वजनिक तथा निजी क्षेत्र सम्बद्ध अस्पतालहरु, नागरिक समाज, राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, उद्योगी, व्यवसायी, स्वास्थ्यकर्मी, स्वयंसेवी निकाय, सञ्चार जगत समेतबाट भएको प्रत्यक्ष अप्रत्यक्ष सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछौं।

## सम्बन्धित ऐन, नियमहरु

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- मुलुकी अपराध (संहिता) ऐन, २०७४
- मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- राहदानी ऐन, २०२४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- उपभोक्ता संरक्षण ऐन, २०७४
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- कालो बजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन २०३२
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७
- संस्था दर्ता नियमावली, २०३४
- हातहतियार तथा खरखजना नियमावली, २०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- गृह प्रशासन सुधार कार्य योजना, २०७४
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र राहत सम्वन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण ऐन, २०७६
- उपभोक्ता संरक्षण नियमावली, २०७७

प्रमुख जिल्ला अधिकारी



# कोरोना भाइरस रोगबाट बच्ने उपायहरू



बेलाबेलामा साबुनपानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने

खोक्दा हाच्छ्युँ गर्दा नाक मुख टिस्यू पेपर वा कुहिनाले छोप्ने

हात मिलाउनु वा अंकमाल गर्नुको सट्टा, नमस्कार गर्ने

भिडभाडमा नजाने

## ज्वरो आएमा, खोकि लागेमा वा श्वाश फेर्न गाह्रो भएमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने




कोरोना भाइरस रोगका बारेमा थप जानकारीको लागि **१११५** वा **९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४** मा सम्पर्क गरौं ।

... जिल्ला अधिकारी